वर्ष ५, अंक १२, चैत्र

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द


| | |
|---|---|
| विभागीय गतिविधि | १ – ५ |
| अपराध तथ्याङ्क | ६ – ११ |
| प्रहरी सेवा प्रवाह | १२ –१४ |
| खोजतलास तथा समन्वय | १५ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १६ –१८ |
| अपराध समाचार | १९–२३ |
| उत्कृष्ट अनुसन्धान | २४ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर दर्ज्यानी चिन्हबाट सुशोभित



*काठमाडौं, १२ चैत*

नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ चैत १० गतेको निर्णयअनुसार प्रहरी महानिरीक्षक पदमा पदोन्नति हुनुभएका बसन्त बहादुर कुँवर दर्ज्यानी चिन्हबाट सुशोभित हुनुभएको छ। नेपाल सरकार, गृहमन्त्रालय सिंहदरबारमा आयोजित विशेष समारोहबीच गृहसचिव विनोद प्रकाश सिंहले प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई दर्ज्यानी चिन्हबाट सुशोभन गर्नुभएको हो। सुशोभन समारोहमा गृहसचिव सिंहले नेपाल सरकार गृह मन्त्रालयकोतर्फबाट प्रहरी महानिरीक्षक कुँवरलाई बधाई तथा कार्यकाल सफलताको कामना गर्नुका साथै उहाँको कार्यकालमा नेपाल प्रहरीमा गुणात्मक सुधार हुने, प्रहरी संगठन उच्च मनोबलका साथ काम गर्नसक्ने र नेपाल सरकारले प्रहरी संगठनमाथि थप गर्व गर्नसक्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। पदस्थापना र सरूवाका मापदण्डको अक्षरस पालना गर्नेतर्फ प्रहरी महानिरीक्षक कुँवरले आवश्यक कदम चाल्नुहुने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो। गृहसचिव सिंहले प्रहरीले सबैभन्दा बढी जनतासँग नजिक भएर प्रभावकारी एवम् उत्तरदायी भई काम गर्नुपर्ने तथा प्रहरी संगठनको समस्या तथा संगठनलाई सुधार गर्नुपर्ने विषयहरू सबैलाई बढी चासोका विषय भएको उल्लेख गर्दै नवनियुक्त प्रहरी महानिरीक्षकबाट संगठनको आन्तरिक सुदृढिकरणको लागि भएका प्रतिबद्धताको कार्यान्वयनप्रति आशावादी रहेको बताउनुभयो। नेपालको संविधानले मार्ग निर्देशित गरेको संघीय स्वरुप मार्फत विधिको शासन र मानवअधिकारको प्रत्याभूति, आर्थिक, सामाजिक रुपान्तरणद्वारा सुशासन, सामाजिक न्याय र सद्भावको सुनिश्चितता गर्न नेपाल प्रहरी निष्ठापूर्वक उच्च मनोबलका साथ कर्तव्यनिष्ठ रहेको बताउँदै प्रहरी महानिरीक्षक कुँवरले भन्नुभयो, 'कार्यक्षमताको उचित मुल्याङ्कन, नेतृत्व क्षमता विकास गर्ने अवसरको निष्पक्ष उपलब्धता, तत्काल सजाय र पुरस्कार मार्फत नेकीबेदीको अभिलेखिकरणलाई वृत्ति विकासको एक महत्वपूर्ण पक्षको रुपमा संस्थागत गर्दै प्रहरीको आन्तरिक शुद्धिकरण मेरो भिष्म प्रतिज्ञा हो र यसबाट म किंचित पनि डगमगिने छैन।' नागरिकप्रति उत्तरदायी र सेवाग्राही संस्थाको रूपमा स्थापित गराउन सकिने हुँदा हाम्रो कार्यप्रति सेवाग्राहीको सन्तुष्टि नै नेपाल प्रहरीको अभिष्ट रहेको बताउँदै प्रहरी महानिरीक्षक कुँवरले अपराध, आपराधिक प्रवृत्ति, अनुचित प्रभाव र दवावहरूको सामु कहिल्यै कुनै पनि प्रकारको सम्झौता नगर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा नेपाली सेनाका रथी सिताराम खड्का, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका उच्चपदस्थ अधिकारीहरु, प्रहरी नायव महानिरीक्षकहरू एवं संचारकर्मीहरुको उपस्थिति रहेको थियो। दर्ज्यानी चिन्हद्वारा सुशोभित भएपश्चात नवनियुक्त प्रहरी महानिरीक्षक कुँवरले आइतबारै आफ्नो कार्यकक्षमा पदबहाली गर्नुभएको छ। प्रहरी महानिरीक्षक कुँवर नेपाल प्रहरी प्रधान कार्यालय प्रवेश गर्नुहुँदा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृत तथा जवानहरुले हार्दिक स्वागत गर्नुभयो। प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्नुकासाथै नेपाल प्रहरी प्रधान कार्यालय परिसरमा वृक्षारोपण समेत गर्नुभयो।

## माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठद्वारा नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण



*काठमाडौं, २० चैत*

माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो। उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई नेपाल प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभएको थियो। सो क्रममा उहाँले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्प गुच्छा अर्पण गर्नुभएको थियो। निरीक्षण भ्रमणका क्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले नेपाल प्रहरी प्रधान कार्यालयस्थित पोलीग्राफ सेक्सन, डाटा सेन्टर र डिजिटल फरेन्सिक ल्याबको निरीक्षण गर्नुका

साथै त्यस सम्बन्धी गतिविधिबारे जानकारी लिनुभयो । निरीक्षण पश्चात आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले उपस्थित प्रहरी अधिकृत तथा जवानहरु एवम् भिडियो कन्फेरेन्समार्फत ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरु, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, गण प्रमुखहरू, तालिम केन्द्रका प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू तथा सबै जिल्लाका प्रहरी प्रमुखहरुलाई निर्देशन सम्बोधन गर्नुभयो । सरकारको प्रतिनिधिको रुपमा सर्वप्रथम जनतामाझ पुग्ने नै प्रहरी भएको र सरकारको प्रतिनिधिको रुपमा नागरिकसँग प्रथम सम्पर्क हुने हुँदा कार्यस्थलमा सुरक्षाकर्मीले गर्ने व्यवहारबाट नागरिकको सरकारप्रतिको धारणा निर्माण हुने उल्लेख गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले भन्नुभयो, 'तपाईहरुले शरीरमा लगाएको बर्दी र काँधमा लगाएको फुलीमा सर्वसाधरणको भरोसा र विश्वास लुकेको छ । स्वच्छ, निष्पक्ष र छिटोछरितो सेवा प्रवाहमार्फत नागरिकको भरोसा र विश्वासलाई कायम राख्न अझ मेहनत गर्नु हुनेछ भन्ने आशा लिएको छु ।' तस्करी र राजश्व चुहावट नियन्त्रणमा नेपाल प्रहरीको भूमिका स्मरणीय र उल्लेखनीय रहेको बताउँदै उहाँले यसको गुणात्मक वृद्धिका लागि दृढ भई कारवाही गर्न समेत निर्देशन दिनुभयो ।

उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले मुलुकमा शान्ति-सुरक्षा स्थापना गर्न, नागरिकको जनधनको सुरक्षा सुनिश्चित गर्न, महिला बालबालिका, ज्येष्ठ नागरिकको पूर्ण सुरक्षा प्रत्याभूति गर्ने क्रममा तथा आमनागरिकलाई न्याय र आत्मसम्मानको अनुभूति गराउन ऐन-कानूनले निर्दिष्ट गरेका जिम्मेवारीहरुलाई पूर्ण पालना गरी कानूनी राज्यको प्रत्याभूति दिन निर्देशन दिनुभयो । पदस्थापना बढुवा, सरूवालाई अधिकतम प्रणालीगत र संस्थागत ढंगले आगाडि बढाउन गृहमन्त्रालयले आवश्यक पहल गर्ने उहाँले उल्लेख गर्नुभयो । उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले सीमित स्रोत साधन, न्यून जनशक्ति र अपर्याप्त भौतिक पूर्वाधारका बावजुद पनि नेपाल प्रहरीले शान्ति सुरक्षा, अपराध नियन्त्रण, महामारी नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, खोज उद्धार तथा राहत लगायतका प्रतिकार्यमा निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको चर्चा गर्दै विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि सदैव तयारी अवस्थामा रहन आवश्यक रहेको बताउनुभयो । निरीक्षण भ्रमणको क्रममा गृहमन्त्री श्रेष्ठ समक्ष नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक रबिन्द्र केसीले नेपाल प्रहरीको परिचय, संगठनको संरचना, मानवश्रोत तथा स्रोत साधन व्यवस्थापन, अपराध अनुसन्धान तथ्याङक तथा विश्लेषण, प्रहरी कार्य, शान्ति सुरक्षा तथा ट्राफिक व्यवस्थापन, प्रहरी मनोबल, उत्प्रेरणा र क्षमता अभिवृद्धि, प्रहरी कार्यमा प्रविधिको प्रयोग, अन्तर्राष्ट्रिय समन्वय र सहायता, नीति तथा योजना कार्यान्वयनको अवस्था, चुनौति, भावी योजना र अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा गृहसचिव विनोद प्रकाश सिंह, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृहमन्त्रालयका प्रवक्ता, प्रहरी नायव महानिरीक्षकहरु एवम् वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति एवम् ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, गण प्रमुखहरू, तालिम केन्द्रका प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू एवम् सबै जिल्ला प्रहरी प्रमुखहरुको भर्चुअल उपस्थिति रहेको थियो ।

## नेपाल प्रहरी अस्पताल महाराजगंजको ३९औं वार्षिकोत्सव सम्पन्न



*काठमाडौं, २७ चैत*

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमबीच नेपाल प्रहरी अस्पताल महाराजगंजको ३९औं वार्षिकोत्सव समारोह सम्पन्न भएको छ । सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले पूर्व प्रहरी तथा बहालवाला प्रहरी परिवारको उपचारको लागि प्रहरी कल्याण कोषबाट अस्पताललाई प्रदान हुने २ करोड रुपैयाँको चेक अस्पतालका मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंहलाई हस्तान्तरण समेत गर्नुभयो । साथै उहाँले अस्पतालको विविध गतिविधि र स्वास्थ्यमूलक लेखहरु समेटेर प्रकाशन गरिएको वार्षिक स्मारिका 'अस्पताल दर्पण २०७९' र नेपाल मेडिकल जर्नलकोसमेत लोकार्पण गर्नुभयो । समारोहमा प्रहरी महानिरीक्षक कुँवरले अस्पतालको सेवा प्रवाहमा उल्लेखनीय योगदान दिनुहुने अस्पतालका पूर्व मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. काशीराम कुँवरलाई सम्मानपत्रसहित मायाको चिनो प्रदान गर्नुभयो । साथै उहाँले लुम्बिनी प्रदेश प्रहरी अस्पतालका भिजिटिङ कन्सल्टेन्ट डा. अशिम किद्धाईलाई कदरपत्र, लुम्बिनी प्रदेश प्रहरी अस्पताल र काठमाडौं उपत्यका प्रहरी सशस्त्र प्रहरी गण नम्बर २ महाराजगंजलाई प्रशंसापत्र, सेवा प्रवाहको आधारमा उत्कृष्ट बिभाग अन्तर्गत इमर्जेन्सी विभागलाई शिल्ड तथा प्रशंसापत्र एवम् अस्पतालका उत्कृष्ट प्रहरी कर्मचारीहरुलाई नगद पुरस्कार समेत प्रदान गर्नुभयो । सो अवसरमा नेपाल प्रहरी श्रीमती संघको तर्फबाट संघकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरले Cervical and Lumber Traction with Traction Bed अस्पतालका मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंहलाई हस्तान्तरण गर्नुभयो । नेपाल प्रहरी अस्पतालका डेप्युटी मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी नायव महानिरीक्षक डा.रामकृष्ण राजभण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा प्राविधिक प्रहरी उपरीक्षक रामेश्वर अधिकारीले अस्पतालको वार्षिक प्रतिवेदन प्रस्तुत तथा नर्सिङ कलेजमा अध्ययनरत विद्यार्थीहरूले स्वागत गान प्रस्तुत गर्नुभएको थियो । समारोहमा पूर्व प्रहरी महानिरीक्षकहरु, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, अस्पतालका पूर्व मेडिकल डाइरेक्टरहरु, नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, पूर्व वरिष्ठ प्रहरी अधिकृतहरु, प्रहरी अधिकृतहरु, भिजिटिङ कन्सल्टेन्टहरु लगायत आमन्त्रित महानुभावहरुको उपस्थिति रहेको थियो ।

## प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको प्रमुख आतिथ्यमा कमाण्डो तालिमको दिक्षान्त समारोह सम्पन्न



*नवलपरासी (पश्चिम), १७ चैत*

नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासी (पश्चिम) मा संचालित आठौं समूहको प्रहरी विशेष कला तथा कारवाही (कमाण्डो) तालिमको दिक्षान्त समारोह प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको प्रमुख आतिथ्यमा सोही महाविद्यालयमा सम्पन्न भएको छ । समारोहमा प्रहरी महानिरीक्षक कुँवरले तालिममा सहभागी प्रशिक्षार्थीहरूमध्ये तालिमको विभिन्न विधामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने प्रशिक्षार्थीहरूलाई पुरस्कार प्रदान गर्नुभयो । नेपाल प्रहरीको विशिष्टीकृत बलको रूपमा स्थापित गरिएको कमाण्डोहरुको युनिटले विगतमा देखाएको बहादुरी र काम कारबाहीले नेपाल प्रहरी सङ्गठनकै मान बढाएको चर्चा गर्दै प्रहरी महानिरीक्षक कुँवरले भन्नुभयो, 'नि:सन्देह कठिन, चुनौतीपूर्ण र निर्विवादित तवरमा नेपाल प्रहरीको एक मात्र Elite Force को रूपमा रहेको कार्यदललाई यहाँहरुले केवल पेशा मात्र हैन आफ्नो जीवन पद्धतिका रूपमा ग्रहण गरी राष्ट्र र नागरिक सेवामा आफ्नो विशिष्ट पहिचान बनाउन सफल हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।' प्रहरी महानिरीक्षक कुँवरले समय अनुकूल प्रशिक्षार्थीहरूको विकास केन्द्रित प्रशिक्षण गतिविधि संचालनमा दत्तचित्त भएर लाग्न सबैलाई निर्देशन दिनुहुँदै नेपाल प्रहरीको एक मात्र विशिष्ट प्रकृतिको तालिम प्रदायक संस्थाको रुपमा रहेको यस महाविद्यालयलाई अझै समय सापेक्ष ढंगले परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। कठिन प्रकृतिका तालिमलाई थप रचनात्मक बनाउन र सहभागी हुने प्रशिक्षार्थीहरूलाई संगठनको तर्फबाट केही अतिरिक्त सेवा सुविधाको व्यवस्थाको लागि संगठन सदैव क्रियाशिल रहेको समेत उहाँले बताउनुभयो । समारोहमा तालिम संयोजक प्रहरी नायव उपरीक्षक पुरूषोत्तम खड्काले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै जम्मा ९० कार्यदिन अवधिको उक्त तालिममा प्रहरी निरीक्षक १२ जना, प्रहरी सहायक निरीक्षक १५ जना र प्रहरी जवान ८८ जना गरी जम्मा १ सय १५ जनाको सहभागिता रहेको जानकारी दिनुभयो । उक्त समारोहमा प्रशिक्षार्थीहरुले इमिडियट एक्सन ड्रिल अन्तर्गत फायर एण्ड मुभ अभ्यास, होस्टेज रेस्क्यू अपरेसन डेमोन्स्ट्रेसन, स्याण्ड मोडल बिफ्रिङ, हतियार खोलजोड डेमोन्स्ट्रेसन, बाधापार डेमोन्स्ट्रेसन तथा अनआर्म कम्ब्याट समेत प्रदर्शन गरेका थिए । समारोहमा जिल्ला प्रशासन कार्यालय नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, वरिष्ठ प्रहरी अधिकृतहरु लगायतको उपस्थिति रहेको थियो।

## सेवा निवृत्त हुन लाग्नु भएका प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलगायत वरिष्ठ प्रहरी अधिकृतहरुको बिदाइ



*काठमाडौं, १० चैत*

तीस वर्ष सेवा अवधि पूरा गरी सेवा निवृत्त हुन लाग्नुभएका प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु तथा प्रहरी वरिष्ठ उपरीक्षकहरूलाई नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहबीच बिदाइ गरिएको छ । उहाँहरुलाई नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले शुभकामनासहित हार्दिक बिदाइ गर्नुभएको हो । बिदाइ समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले तीन दशक लामो प्रहरी सेवाको व्यावसायिक यात्राबाट औपचारिक बिश्राम लिई निवृत्त हुन लाग्दा भव्य बिदाइ कार्यक्रमको आयोजना गरी आफूलाई हार्दिकतापूर्वक सम्मान दिनुभएकोमा नेपाल प्रहरी संगठन परिवार र नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरप्रति हार्दिक आभार प्रकट गर्नुभयो । प्रहरी महानिरीक्षक सिंहले नवनियुक्त प्रहरी महानिरीक्षक ज्यादै व्यावसायिक, कर्तव्यनिष्ठ र दूरदर्शी व्यक्तित्व रहेको चर्चा गर्दै आफ्नो कार्यकालमा उहाँले संगठनलाई थप नयाँ उचाई दिने विश्वास व्यक्त गर्नुभयो । समारोहमा प्रहरी महानिरीक्षक सिंहले आफ्नो कार्यकालमा सम्पादन भएका उल्लेखनीय कार्यहरू एवम् प्रहरी संगठनमा हाल सञ्चालनमा रहेका महत्वपूर्ण कार्यहरू समेटिएर तयार गरिएको कार्य सम्पादन प्रतिवेदन नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई हस्तान्तरण गर्नुभयो । साथै नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले सेवा निवृत्त हुन लाग्नुभएका प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलगायत वरिष्ठ प्रहरी अधिकृतहरूलाई कृतज्ञताको चिनो प्रदान गर्नुभयो। उक्त अवसरमा नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले सेवानिवृत्त हुन लाग्नुभएका वरिष्ठ प्रहरी अधिकृतलाई राष्ट्र, नागरिक र संगठनप्रति पुर्‍याउनु भएको अमूल्य योगदानका लागि नेपाल प्रहरीको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो । प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहसँगै सेवा निवृत्त हुन लाग्नुभएका प्रहरी वरिष्ठ अधिकृतहरुमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु सहकुल बहादुर थापा, उत्तम राज सुवेदी र दिवेश लोहनी, प्रहरी नायब महानिरीक्षकहरू नल प्रसाद उपाध्याय, मोहन कुमार आचार्य र मसाउद आलम खाँ तथा प्रहरी वरिष्ठ उपरीक्षकद्वय उमाशंकर पन्जियार र जनक राज पाण्डे रहनुभएको छ। उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, प्रहरी अधिकृत तथा जवानहरुले समेत सेवा निवृत्त हुन लाग्नुभएका प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलगायत प्रहरी वरिष्ठ अधिकृतहरुलाई शुभकामनासहित हार्दिक बिदाइ गर्नुभएको थियो।

## चार जना प्रहरी अतिरिक्त महानिरीक्षकहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित



*काठमाडौं, २६ चैत*

नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ चैत २४ गतेको निर्णयअनुसार प्रहरी नायव महानिरीक्षकबाट प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति हुनुभएका ४ जना प्रहरी अतिरिक्त महानिरीक्षकहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ। प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच प्रहरी अतिरिक्त महानिरीक्षकहरू सन्दिप भण्डारी, सुदिप गिरी, मिरा चौधरी र टेक बहादुर तामाङलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो । समारोहमा प्रहरी महानिरीक्षक कुँवरले पदोन्नतिको अवसरका लागि नेपाल सरकारप्रति आभार व्यक्त गर्दै पदोन्नति भएका प्रहरी अधिकृतहरुलाई बधाई दिनुभयो। पदोन्नति गरी राज्यले अझ रचनात्मक र निष्ठापूर्वक कर्मक्षेत्रमा खटिने अवसर दिएकोले प्रहरी अधिकृतहरूले पदोन्नतिलाई गम्भीर जिम्मेवारी बोध गर्ने अवसरको रूपमा लिने विश्वास उहाँले व्यक्त गर्नुभयो।

प्रहरी संगठनको श्रीवृद्धिका लागि आपसी एकता र भातृत्वभावका साथ अझ व्यावसायिक, निष्ठा र कर्तव्य वोध गरी कर्तव्य निर्वाह गर्न जरूरी रहेको चर्चा गर्दै प्रहरी महानिरीक्षक कुँवरले भन्नुभयो, "सरकारको लक्ष्य प्राप्तिका लागि नेपाल प्रहरीले निर्वाह गर्नुपर्ने जिम्मेवारीहरू मनग्यै छन्। तिनलाई केन्द्रविन्दुमा राखी नेपाल प्रहरीका दैनन्दिन कार्यहरू उच्च मनोबलका साथ सम्पन्न गर्न निर्देशन दिन चाहन्छु।" प्रहरी महानिरीक्षक कुँवरले आगामी दिन अझ चुनौतीपूर्ण हुनसक्ने उल्लेख गर्दै उपल्ला विभागले बनाउने योजना, तयारी र नीतिले यस्ता चुनौतीको सामना गर्न सक्षम हुने बताउनुभयो। समारोहमा पदोन्नति भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरूको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी अतिरिक्त महानिरीक्षक सन्दिप भण्डारीले पदोन्नतिसँगै राष्ट्रसेवा र कर्तव्यवोधको थप उर्जा प्राप्त भएको तथा संगठनको श्रीवृद्धि र छवि उच्च गराउन सदैव प्रतिवद्ध रहने विचार व्यक्त गर्नुभयो। दर्ज्यानी चिन्ह सुशोभन समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुको उपस्थिति रहेको थियो।

## प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरद्वारा दर्ज्यानि चिन्ह शुशोभन



काठमाडौं, २१ चैत्र

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुवँरले नेपाल सरकार गृह मन्त्रालय सचिवस्तरको मिति २०७९।१२।०८ गतेको निर्णय अनुसार प्रहरी नियमावली, २०७१ (संसोधन सहितको) नियम १२९ को उपनियम २ बमोजिम प्रहरी निरीक्षक पदबाट प्रहरी नायब उपरीक्षक पदमा बढूवा हुनु भएकी नेपाल प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयमा कार्यरत कमला सुवेदीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभित गर्नुभएको छ।

## अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको स्वागत कार्यक्रम सम्पन्न



*काठमाडौं, २७ चैत*

नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ चैत २४ गतेको निर्णयअनुसार प्रहरी नायव महानिरीक्षकबाट प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति भई २०७९ चैत २६ गते नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागमा पदस्थापना हुनु भएका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको स्वागत कार्यक्रम सम्पन्न भयो। स्वागत कार्यक्रममा प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारी, वरिष्ठ प्रहरी

अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुको उपस्थिति रहेको थियो।

## प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्वारा दक्षिण सुडान स्थित UNMISS मिसनमा IPOS को रुपमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



*काठमाडौं, चैत्र ३०*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मिसनमा IPOs को रुपमा मिति २०७८।१२।०८ गते खटि गई सफलता पुर्वक कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुन भएका प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो। स्वदेश फिर्ता हुने प्रहरी कर्मचारीहरुमा प्रहरी नायव उपरीक्षक २ जना, प्रहरी वरिष्ठ नायव निरीक्षक ५ जना र प्रहरी वरिष्ठ हवल्दार १ जना हुनुहुन्थ्यो। उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीको बिदाई कार्यक्रम सम्पन्न



*काठमाडौं, २७ चैत*

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१२।१७ गतेको निर्णयले नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमूख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यू लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ सरुवा भई जान लाग्नु भएकोमा विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भयो। मिति २०७९।०३।२३ गते देखी यस विभागमा कार्यरत रहनु भएका प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यू नेपाल सरकार गृह मन्त्रालयको निर्णयानुसार अपराध अनुसन्धान विभागको करिव ९ (नौ) महिनाको कार्यकाल पुरा गरी उहाँ नयाँ जिम्मेवारीमा जाँन लाग्नु भएको हो। उहाँलाई सुचना प्रविधि निर्देशनालायका निर्देशनालय प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभयो। कार्यक्रममा सिनियर प्रहरी अधिकृत जुनियर प्रहरी अधिकृत, लगायत अन्य प्रहरी कर्मचारिहरुको उपस्थिती रहेको थियो।

## नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरको स्वागत कार्यक्रम एवं निवर्तमान अध्यक्ष श्रीमती कुशुम लता सिंहको बिदाई कार्यक्रम सम्पन्न






*काठमाण्डौ, चैत्र २१*


नेपाल प्रहरी श्रीमती संघकी नव नियुक्त अध्यक्ष श्रीमती लक्ष्मी कुंवरको स्वागत एवं निवर्तमान अध्यक्ष श्रीमती कुशुम लता सिंहज्यूको बिदाई तथा नव वर्ष २०८० सालको शुभकामना आदान प्रदान कार्यक्रम आसरा सुधार केन्द्र रानीवारीमा सम्पन्न भयो। उक्त कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ तथा श्रीमती संघका पदाधिकारीहरु, प्रहरी वरिष्ठ अधिकृत, प्रहरी अधिकृत, केन्द्रमा कार्यरत कर्मचारीहरु, तथा उपचाररत सदस्यहरुको उपस्थिति रहेको थियो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको चैत्र महिनाको अपराध तथ्याङ्क प्रस्तुति (मुद्धा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (माघ-चैत्र)




## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (माघ-चैत्र)





## वार्षिक अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० चैत्र सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्धा दर्ता (आ.व. २०७९।०८० चैत्र)





## गम्भीर अपराधको प्रदेशगत मुद्धा दर्ता (आ.व. २०७९।०८० चैत्र)




## सामान्य अपराधको प्रदेशगत मुद्धा दर्ता संख्या (आ.व. २०७९।०८० चैत्र)





## चैत्र महिनामा घरेलु हिंसा सम्बन्धी संख्या



## चैत्र महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण (मुद्धा दर्ता संख्या)





## चैत्र महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल (मुद्धा दर्ता संख्या)




## चैत्र महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| प्रदेश/उपत्यका/ब्युरोको नाम | | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २५० | २० वर्ष ४ महिना ५ दिन | ३,६२,९२,४९९ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ६१ | ५० वर्ष ११ महिना १५ दिन | १७,५८,४५८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २९७ | ६० वर्ष १० महिना ५ दिन | ९१,६२,७८९ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ८३ | २१ वर्ष ३ महिना २९ दिन | १,२०,५९,७१० |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १३० | १०२ वर्ष ९ महिना ६ दिन | ९,३५,६६८ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १८१ | ८४ वर्ष १० महिना २४ दिन | १९,११,४०२ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४१ | ४१ वर्ष ११ महिना १ दिन | ४,१५,५५५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ५० | ५० वर्ष ५ महिना १० दिन | २७,५६,०३६ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ८ | १० वर्ष २ महिना ११ दिन | १,९३,४२,७२८ |
| जम्मा | | १,१०१ जना जना | ४०८ वर्ष ८ महिना १६ दिन | रु८.,४६,३४,८४५।- |

## चैत्र महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या





## फागुन र चैत्र महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## चैत्र महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## चैत्र महिनामा चालचलन शाखाको प्रगती विवरण:-

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | १०६२८७ | ८९८५४ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ३१४ | २७० |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ६ | ५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ९७ | ९५ |
| ५ | औंठाछाप प्रमाणिकरण | २२६ | २२६ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | १० | १० |
| **जम्मा** | | **१,०६,९४०** | **९०,४६०** |

# सामुदायिक प्रहरी गतिविधि

चैत्र महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)









# आसरा सुधार केन्द्र

## चैत्र महिनामा लागुऔषध सेवनकर्ताहरुको उपचारत संख्या





## चैत्र महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | बिदेशी नागरिकहरूको मृत्यु | १५ जना |
| २. | बिदेशी नागरिकहरूको पक्राउ | २२ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिवरण | २२,२५४ जना |
| ५. | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०१ जना |

# खोजतलास तथा समन्वय

## चैत्र महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको संख्या




## चैत्र महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट चैत्र महिना भित्र बिभिन्न १७ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धि कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, लिखत कसुर, बालयौन दुरुपयोग, बैकिङ कसुर, Cell) अपराधिक लाभ, अनलाईन ठगी, जवरजस्ति करणी) अन्तर्गत ९० वटा मुद्दाको ४३३ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination

- चैत्र महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौंबाट २०७९/१२/०१ गतेदेखि २०७९/१२/ ३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि ६९७ केशहरु र ४०६९ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ७६४ केशहरु र ३७८१ नमुनाहरु परीक्षण गरिएको ।
- मिति २०७९/१२/०१ गतेदेखि २०७९/१२/३० गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा १७७० DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०७९ /१२/०१ गतेदेखि २०७९/१२/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि १९६ केशहरु र ५९८ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी २५३ केशहरु र ७४२ नमुनाहरु परीक्षण गरिएको ।

- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०७९ /१२/०१ गतेदेखि २०७९/१२/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि ८० केशहरु र २३३ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ५८ केशहरु र १६२ नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### चैत्र महिनामा परिचालित मासिक डिउटी संख्या






## साइबर सुरक्षा सम्बन्धी सूचना प्रविधि निर्देशनालयद्वारा जारी सन्देश !!!

### इमेल सुरक्षा

"Think before click"

- समय-समयमा कसैले अनुमान गर्न नसक्ने बलियो पासवर्ड (सिम्बोल, नम्बर र अक्षर मिश्रण भएको) राख्नुहोस्।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका संकास्पद इमेल नखोल्नुहोस्।
- संकास्पद इमेलमार्फत आएका कुनै पनि लिंकमा क्लिक तथा फाइल डाउनलोड नगर्नुहोस्।
- प्रहरी कार्यालयबाहेक बाहिर Public Wi-Fi acess हुने ठाउँमा कार्यालयको इमेल नखोल्नुहोस्।
- Gmail, Yahoo जस्ता इमेल प्रयोग गर्नु भएको छ भने 2FA सेटिङ Enable गर्नुहोस्।

# बैङ्किङ् ठगि र Cyber Crime बाट बच्ने उपायहरु

- कसैले उपहार, चिठ्ठा लगायतका विभिन्न आर्थिक प्रलोभन देखाई वा बैंकको प्रयोजनको लागि भनि खाताको विवरण, OTP Pin code, password माग गरेमा नदिनुहोस्।
- आफ्नो खाता नम्बर, मोवाईल नम्बर, जन्ममिति लगायतका व्यक्तिगत विवरणहरु सामाजिक सञ्जालमा नराख्नुहोस्।
- Mobile Banking को Pin Code सुरक्षित राख्नुहोस्।
- फेसबुक, Whatsapp वा Viber मा अनौंठो वा शंकास्पद लिंक आएमा त्यसमा क्लिक नगर्नुहोस्।
- अपरिचित व्यक्तिहरुसँग फेसबुकमा नजोडिनुहोस्।
- आफ्नो ATM कार्ड हराएमा तुरुन्त बैङ्कमा सम्पर्क गर्नुहोस् र कार्ड BLOCK गर्न लगाउनुहोस्।
- फेसबुक, मेसेन्जर, ईमेल र अन्य Website हरुको पासवर्ड Strong राख्नुहोस् र समय-समयमा पासवर्ड परिवर्तन गर्नुहोस्।



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरी फरार रहेका प्रतिवादी पक्राउ

*मोरङ, ३ चैत*

आफ्नै श्रीमती ५३ वर्षीया देबि महतको हत्या गरी फरार रहेका प्रतिवादी बेलबारी नगरपालिका-१ नक्सालबारी बस्ने ५७ वर्षीय हेम कर्ण महतलाई प्रहरीले पक्राउ गरेको छ । घरायसी वादविवादको कारण हेम कर्णले आफ्नै श्रीमतीलाई २०७९ फागुन २५ गते दिउँसो धारिलो हतियार प्रहार गरी हत्या गरी फरार रहेका उनलाई ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले पथरी शनिश्चरे नगरपालिका-१० स्थित पश्चिम बसपार्कबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

*कपिलवस्तु, १२ चैत*

आफ्नै बुवा ५५ वर्षीय नारायण केसीको हत्या गरेको अभियोगमा बुद्धभूमि नगरपालिका-१ बाबाकुटी बस्ने २३ वर्षीय जिवन केसीलाई प्रहरीले पक्राउ गरेको छ । जिवनले दाउराको चिर्पट प्रहार गर्दा नारायणको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गोरुसिंगेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २१ चैत*

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी मनाङ नार्फु गाउँपालिका-३ ठेगाना भएका ४० वर्षीय फुञ्जोवाङ्दी लामालाई प्रहरीले पक्राउ गरेको छ । सर्वोच्च अदालतको २०७५ पुस १ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा १० वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं सुन्धाराबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजारमा पठाइएको छ ।

### आफ्नै आमाको हत्या गरेको अभियोगमा पक्राउ

*काभ्रेपलाञ्चोक, २९ चैत*

आफ्नै आमा ९० वर्षीया कान्छी माया थापाको हत्या गरेको अभियोगमा पनौती नगरपालिका-११ बलथली बस्ने ५२ वर्षीय राजेन्द्र भन्ने बिष्णु बन्धु थापालाई प्रहरीले पक्राउ गरेको छ । घरायसी झगडामा बिष्णु बन्धुले दाउरा काट्ने खुर्पाले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएकी उनको उपचारको लागि शिर मेमोरियल अस्पतालतर्फ लैजाने क्रममा मृत्यु भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### डलर साट्ने बाहानामा ठगी गरेको अभियोगमा १ जना पक्राउ

*काठमाडौं, १७ चैत*

डलर साट्ने बाहानामा विभिन्न व्यक्तिहरुबाट ३० लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ कर्थलि घर भई हाल भक्तपुर बालकोट बस्ने २८ वर्षीय भिम बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यकाको विभिन्न स्थानहरूबाट बिभिन्न व्यक्तिहरुलाई फोन सम्पर्क गरी डलर साटीदिन्छु भनि प्रलोभन देखाई उक्त रकम ठगी भएका घटनाको थप अनुसन्धानको क्रममा तामाङको संलग्नता रहेको खुल्नआएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई भक्तपुर बालकोट बसपार्कबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत सातदोबाटो पठाउनुका साथै घटनामा संलग्न अन्य व्यक्तिहरुको समेत खोजी गरिरहेको छ ।

### विभिन्न धनमाल चोरी

*झापा, १८ चैत*

बिर्तामोड नगरपालिका-५ अग्रेसन भवन नजिकै बस्ने सन्दिप भट्टराईको कोठाबाट सुन, चाँदीका बिभिन्न गरगहना, घडी तथा मोबाईल समेत गरि करिब १० लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २३ चैत*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी गुल्मी छत्रकोट गाउँपालिका-४ घर भई काठमाडौं कलंकी बस्ने ४९ वर्षीय दिपक न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत पाटनको २०७८ मंसिर २७ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ७ दिन कैद र २२ लाख ४४ हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं सिंहदरबारबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ ।

### २ सय ६८ थान नक्कली नोटसहित एक जना पक्राउ

*सर्लाही, २५ चैत*

बरहथवा नगरपालिका-१७ बागमती सिचाई नहरस्थित सडकबाट नेपाली एक हजार दरको २ सय ६८ थान नक्कली नोटसहित बलरा नगरपालिका-५ अर्नाहा बस्ने ३० वर्षीय राम प्रसाद रायलाई प्रहरीले पक्राउ गरेको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र ईलाका प्रहरी कार्यालय बरथहवाबाट खटिएको प्रहरीले बिआर ३० एम ३८२५ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक राम प्रसादको साथबाट उक्त नोट, कागजको बन्डल २४ थान, २ रिम प्रिन्टर पेपर, र पत्रिका १ बन्डलसहित फेला पारी पक्राउ गरेको हो । साथै उक्त स्थानबाट बिआर ३० ए ५९६८ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## बिमा बापतको रकम ठगी गर्ने गिरोहमा संलग्न थप दुई जना पक्राउ

*काठमाडौं, २६ चैत*

वैदेशिक रोजगारीको शिलशिलामा मृत्यु भएका तथा बिदामा नेपाल आउँदा मृत्यु भएका नेपालीहरुले बिमाबापत पाउने बिमा रकम ठगी गर्ने गिरोहमा संलग्न रहेको अभियोगमा थप २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा अर्घाखाँची छत्रदेव गाउँपालिका-४ घर भई काठमाडौं महानगरपालिका-२६ रानीबारी बस्ने रानीबारी बस्ने वैदेशिक रोजगार बोर्डमा कार्यरत नायव सुब्बा ३६ वर्षीय पशुपती अधिकारी र भक्तपुर चाँगुनारायण नगरपालिका-४ बुढाथोकीगाउँ बस्ने सूर्यज्योति जिवन बिमा कम्पनीमा कार्यरत जुनियर अधिकृत ३० वर्षीय उमेश बुढाथोकी रहेका छन् । मृत्यु भएका नेपालीहरूले प्राप्त गर्ने बिमा बापतको रकम मृतक आफन्तहरूलाई दिलाई दिन्छु भन्दै बिमाबापत प्राप्त हुने रकमको केही रकम मात्र आफन्तलाई दिई बाँकी रकम लिई ठगी गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न रहेका राम बहादुर तामाङसमेत ६ जनालाई चैत २३ गते काठमाडौं गोगंबुबाट विभिन्न मृतक व्यक्तिहरूको नागरिकता, राहदानी, जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, वडा कार्यालयको सिफारिस बीमा कम्पनिको लेटरप्याड लगायतका महत्वपूर्ण अन्य विविध कागजातहरु सहित फेला पक्राउ गरेको थियो । घटनाको थप अनुसन्धान तथा संलग्न व्यक्तिहरूको खोजी गर्ने क्रममा उक्त कार्यमा संलग्न अधिकारीलाई काठमाडौं महानगरपालिका-११ बाट र बुढाथोकीलाई भक्तपुर,भक्तपुर नगरपालिका-१० कमलविनायकबाट पक्राउ गरेको हो । उनीहरुलाई थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

## अमेरिका तथा कोरिया पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २९ चैत*

अमेरिका तथा कोरिया पठाइदिन्छु भन्दै रकम ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-१४ घर भई बुढानिलकण्ठ नगरपालिका कपन बस्ने ४२ वर्षीय पवन राणालाई प्रहरीले पक्राउ गरेको छ । उनले सयौँजना व्यक्तिहरूलाई वैदेशिक रोजगारीको लागि सहजै अमेरिका तथा दक्षिण कोरिया पठाईदिन सक्छु भन्दै प्रलोभनमा पारी पीडितहरुबाट करोडौं रकम लिएर सम्पर्क बिहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौंबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई बुढानिलकण्ठ कपनबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि उक्त विभागमा पठाइएको छ ।

## ठगी सम्बन्धि कसूरमा संलग्न रहेको अभियोगमा एक जना महिला पक्राउ

*काठमाडौं, २९ चैत*

ठगी सम्बन्धि कसूरमा संलग्न रहेको अभियोगमा सुनसरी धरान उपमहानगरपालिका-१७ घर भएका ३५ वर्षीया जुनकला राईलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-७ चावहिल गंगाहिटीस्थित भिजन ड्रिमरी प्रालिका संचालक राई समेतले नेपाली कला र सिपबाट विभिन्न प्रकारका सामानहरू उत्पादन तथा बिक्री वितरण गराउन लिएको ईजाजतको उल्लङ्घन गरी कम उमेर समूह समेतका युवायुवतीहरुलाई विभिन्न प्रलोभन देखाई सदस्यता लिन लगाएर नेटवर्किङ व्यवसाय सम्बन्धि ३ दिने प्रशिक्षण दिई ५० जनाबाट करिब ५५ लाख २२ हजार ८ सय रूपैयाँ ठगी गरेको खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । उनी उपर ठगी सम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १ चैत*

बाँके, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा डुडुवा गाउँपालिका-३ बाबुपुरुवा बस्ने ३३ वर्षीय बजरंगबली लोहारलाई प्रहरीले पक्राउ गरेको छ । लोहारले ती बालिकालाई सोही ठाउँस्थित आँपको बगैंचामा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बनकट्टीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

मोरङ, २९ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा पथरीशनिश्चरे नगरपालिका-५ बस्ने ४५ वर्षीय दिपक बहादुर पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ । पाण्डेले ती महिलालाई गत कात्तिक ५ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १६ चैत*

उदयपुर, १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-४ मरुवा बस्ने २४ वर्षीय महेश परियारलाई प्रहरीले पक्राउ गरेको छ । महेशले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

तनहुँ, ४४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा घिरीङ गाउँपालिका-५ धेनु घर भई देवघाट गाउँपालिका-५ सेतिभतेरी बस्ने २७ वर्षीय पुरन परियारलाई प्रहरीले पक्राउ गरेको छ । पुरनले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय देवघाट र ईलाका प्रहरी कार्यालय आबुखैरेनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पाल्पा, २७ चैत*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तानसेन नगरपालिका-११ गाबुडाँडा बस्ने ३७ वर्षीय लिला बहादुर बस्याललाई प्रहरीले पक्राउ गरेको छ । बस्यालले ती बालिकालाई चैत २२ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पाल्पाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।



# लागू औषध सम्बन्धी

## छुट्टाछुट्टै स्थानबाट अवैध लागूऔषधसहित १४ जना पक्राउ

*काठमाडौं, २ चैत*

सिन्धुली, हरिहरपुरगढी गाउँपालिका-७ भुताहा र काभ्रेको सिमानाबाट अवैध लागूऔषध गाँजा करिब ७६ केजी ५ सय ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही हरिवन नगरपालिका-२ बस्ने २३ वर्षीय प्रलात कुमार थोकर र सोही नगरपालिका-८ बस्ने ३३ वर्षीय देउकुमार स्याङ्तान रहेका छन्। प्रहरी चौकी क्यानेश्वरबाट खटिएको प्रहरीले क्यानसिरबाट भुताहातर्फ आउँदै गरेको प्र.०२-०३-०१८ प ८०६५ नम्बरको मोटरसाइकलबाट १ वटा बोरा र हाल नम्बर नखुलेको मोटरसाइकलमा ल्याएको १ वटा बोरा गरी दुवै बोराबाट उक्त परिमाणको लागूऔषध फेला परेको हो। प्रहरीले जाँच गर्ने क्रममा नम्बर नखुलेको मोटरसाइकलमा सवार दुई जनाले प्रहरी टोलीलाई देख्नासाथ उक्त गाँजाको बोरा फाली मोटरसाइकल सहित फरार भएका थिए। प्रहरीले प्र.०२-०३-०१८ प ८०६५ नम्बरको मोटरसाइकलमा सवार प्रलात कुमार थोकर र देउकुमार स्याङ्तानलाई पक्राउ गरेको छ भने हाल फरार नम्बर नखुलेको मोटरसाइकलमा सवार व्यक्तिहरूको समेत खोजी गरिरहेको छ।

कैलाली, धनगढी उपमहानगरपालिका-४ यातायात कार्यालय अगाडिबाट अवैध लागूऔषध ब्राउनसुगर २ ग्राम २ सय ५० मिलिग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-५ बस्ने ३० वर्षीय नरेश खड्का, ३० वर्षीय लक्ष्मण खड्का र सोही उपमहानगरपालिक-११ बस्ने ३० वर्षीय देबेन्द्र खड्का रहेका छन्। जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी कैलाली, टिकापुर नगरपालिका-१ स्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोइन १ सय ६० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही नगरपलिका-१ राजिपुर बस्ने २४ वर्षीय आबिनाश चौधरी र २२ वर्षीय बिक्रम चौधरी रहेका छन्। ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले बा.५४ प ४४८१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

पर्सा, वीरगंज महानगरपालिका-३१ मिलनचोकबाट अवैध लागूऔषध गाँजा २४ केजीसहित सोही महानगरपालिका-३२ टेढा बस्ने वर्ष ५४ वर्षीय रमतुल्ला मिया सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी मिलनचौकबाट खटिएको प्रहरीले जितपुरबाट मनवातर्फ जाँदै गरेको ना.२ ह ३०८९ नम्बरको अटोलाई जाँच गर्ने क्रममा अटोमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी, पर्सा, पटेर्वासुगौली गाउँपालिका-३ सोनवर्सा बस्ने ३८ वर्षीय जैनुल होदाको घरबाट अवैध लागूऔषध गाँजा २९ किलोग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा जैनुल र मकवानपुर लाउती गाउँपालिका-३ बस्ने ५० वर्षीय रामजी थिङ रहेका छन्। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

सुनसरी, धरान उपमहानगरपालिका-१५ स्थित कोकोनट हाउसबाट अवैध लागूऔषध ब्राउनसुगर ३ सय मिलिग्राम, नियन्त्रित औषधि ट्रामाडोल ४० ट्याब्लेट, स्पास्पेइन ४० ट्याब्लेट र नगद ६० हजार ३ सय ५० रुपैयाँसहित सोही उपमहानगरपालिका-५ घर भई हाल सोही ठाउँ बस्ने २७ वर्षीय जेल्स राईलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनलाई उक्त ब्राउनसुगरसहित फेला पारी पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा बरामद

*सर्लाही, ६ चैत*

बरहथवा नगरपालिका-१७ श्रीपुर कटानीस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १० केजी प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय बरहथवाबाट खटिएको टोलीलाई देख्नासाथ हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार २ जना व्यक्तिले २ दुई पोका फाली मोटरसाइकलसहित फरार भएपछि प्रहरीले पोका तलासी गर्दा उक्त लागूऔषध गाँजा फेला पारेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित पक्राउ

*काठमाडौं, ७ चैत*

सुनसरी, धरान उपमहानगरपालिका-२० स्थित सडकबाट अवैध लागूऔषध गाँजा ३१ केजीसहित धनकुटा सागुरीगढी गाउँपालिका-९ घर भएका २५ वर्षीय जितेन राईलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले प्रदेश १-०२-०५१ प २३०५ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यसैगरी धरान उपमहानगरपालिका-११ बस्ने ४७ वर्षीया विष्णु माया राईको घरबाट लुकाई छिपाई राखेको अवैध लागूऔषध गाँजा ३१ केजी फेला पारी राईलाई ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले पक्राउ गरेको छ।

झापा, बिर्तामोड नगरपालिका-३ बिर्ताबजारबाट अवैध लागूऔषध ब्राउनसुगर १ ग्राम ८ सय मिलिग्राम र नगद ६ हजार ७ सय ५० रुपैयाँसहित सोही नगरपालिका-२ बस्ने २६ वर्षीय दयालाल राजबंशीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बनधमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित ११ जना पक्राउ

*काठमाडौं, ८ चैत*

मकवानपुर, थाहा नगरपालिका-८ चौतराबाट अवैध लागूऔषध गाँजा करिब ४५ केजीसहित सोही ठाउँ बस्ने ५७ वर्षीय लाल बहादुर घलानलाई प्रहरीले पक्राउ गरेको छ। उनले आफ्नै घरमा लागूऔषध गाँजा विक्री वितरण गरेको भन्ने सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले तलासी गर्दा उनको घरबाट उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो। साथै उनकै भाइ शेर बहादुरको घरबाट करिब ६३ केजी अवैध लागूऔषध गाँजा पारी प्रहरीले बरामद गरेको छ। हाल फरार शेर बहादुरको प्रहरीले खोजी गरिरहेको छ।

दाङ, गढवा गाउँपालिका-४ स्थितबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ करिब १० ग्रामसहित घोराही उपमहानगरपालिका-१५ बस्ने १९ वर्षीय त्रिशक्ति बर्तौलासमेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँ रहेको खाली घरमा लागूऔषध सेवन गरिरहेको भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले घर तलासी गर्ने क्रममा उक्त लागूऔषध फेला पारी उनीहरुलाई पक्राउ गरेको हो।

मोरङ, विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ २ ग्राम ६८ मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही महानगरपालिका-११ बस्ने २० वर्षीय बिनायक शर्मा र २३ वर्षीय अमर कुमार साह रहेका छन्। भारतबाट नेपालतर्फ आउँदै गरेको को.८ प ७६२ नम्बरको मोटरसाइकललाई लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी मोरङ, विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ करिब १ ग्राम ५० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सुनसरी धरान उपमहानगरपालिका-१६ बस्ने २१ वर्षीय मोहन श्रेष्ठ र तेहथुम लालीगुँरास नगरपालिका-७ बस्ने २८ वर्षीय राजेन्द्र भण्डारी रहेका छन्। लागूऔषध नियन्त्रण

ब्युरो विराटनगरबाट खटिएको प्रहरीले शंका लागि भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरुलाई जाँच गर्ने क्रममा उक्त लागूऔषसहित फेला पारी पक्राउ गरेको हो।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध नाईट्राभेट ४ सय ६३ ट्याव्लेटसहित सर्लाही लालबन्दी नगरपालिका-१५ बस्ने २४ वर्षीय संजय कुमार स्याङतानलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले ना.५ ख ७९४३ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित पक्राउ

*काठमाडौं, १० चैत*

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब १ सय ४४ केजीसहित कैलाश गाउँपालिका-९ नामटार बस्ने ३० वर्षीय शुबचन्द्र भोम्जनलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले चितवनबाट पूर्व राजबिराजतर्फ जाँदै गरेको ना.६ ख ३०२१ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकमा लुकाई छिपाई ल्याएको उक्त परिमाणको लागूऔषध फेला पारी ट्रक चालक भोम्जनलाई पक्राउ गरेको हो।

कञ्चनपुर, भिमदत्त नगरपालिका-६ ऐठपुर शिवटोल डेरा गरी बस्ने डडेलधुरा आलिताल गाउँपालिका-५ घर भएकी २२ वर्षीया सिमा थापा मगर र २२ वर्षीय राजु बोहरालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम ७ मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा नेपाल प्रदेश प्रहरी कार्यालय लागूऔषध नियन्त्रण सेल महेन्द्रनगर र जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको संयुक्त टोलीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका-१३ छतौनि बस्ने ४१ वर्षीय भोला यादवलाई अवैध लागूऔषध गाँजा करिब ६ केजीसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय हनुमाननगर र बिओपी पोष्ट बर्साईन टिकुलियाबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

झापा, मेचिनगर नगरपालिका-६ स्थित मेचिपुलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय मिलिग्रामसहित सोही नगरपालिका-७ राधा कृष्ण टोल बस्ने ५० वर्षीया जमुना राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेकी उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

सर्लाही, पर्सा गाउँपालिका-३ नारायणपुरबाट अवैध लागूऔषध गाँजा ९ केजी ७ सय ग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी नारायणपुरबाट खटिएको गस्ति टोलीलाई देख्नासाथ अपरिचित व्यक्तिले बोरा फाली फरार भएपश्चात बोरा तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला परेको हो। हाल फरार व्यक्तिको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## छुट्टाछुट्टै स्थानबाट अवैध लागूऔषधसहित १० जना पक्राउ

*काठमाडौं, १४ चैत*

मोरङ, रंगेली नगरपालिका-२ चेका खोलास्थित बाँसघारीबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत अररिया ठिङ्गापुर पञ्चायत-६ कुवाडी बस्ने २९ वर्षीय दिपक झा र भारत अररिया हाँसा पञ्चायत बस्ने ३० वर्षीय सिन्टुक कुमार सिंह रहेका छन्। प्रहरी चौकी अमाहिवरियाती र ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको गाँजासहित फेला पारी पक्राउ गरेको हो। साथै थप अनुसन्धानको क्रममा रंगेली नगरपालिका-३ रंजनी बस्ने ४६ वर्षीय वीर बहादुर कार्कीको घर नजिक रहेको बाँसघारीमा लुकाई राखेको अवैध लागूऔषध गाँजा करिब ८४ केजी फेला पारी वीर बाहदुर कार्की, भारत कुटहरा बस्ने २४ वर्षीय प्रबिण पासवान र भारत कटापुर बस्ने २४ वर्षीय बिष्णु कान्त मिश्र समेतलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं, भजनी नगरपालिका-३ जस बहादुरघाटबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम ७ मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा टिकापुर नगरपालिका-१ बस्ने २४ वर्षीय दिनेश ढुङ्गाना र २४ वर्षीय युवराज थापा रहेका छन्। ईलाका प्रहरी कार्यालय सूर्यपुर भजनीबाट खटिएको प्रहरीले से.७ प ३९२५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

कैलाली, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध गाँजा १ केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धादिङ खनियाबास गाउँपालिका-४ बस्ने २४ वर्षीय राजु तामाङ र धादिङ नेत्राबती नगरपालिका-१ बस्ने १९ वर्षीय नवराज गुरुङ रहेका छन्। प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले धादिङदेखि काठमाडौंतर्फ आउँदै गरेको लु.२ ख २१४३ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

चितवन, राप्ती नगरपालिका-३ मुडेबास बस्ने २४ वर्षीय ज्ञान बहादुर प्रजालाई अवैध लागूऔषध गाँजा करिब १० केजीसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## जुवातास खेलिरहेको अवस्थामा १४ जना पक्राउ

*ललितपुर, ९ चैत*

ललितपुर महानगरपालिका-२५ भैसेपाटीस्थित टहरामा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४० वर्षीय अनिल कुवँर समेत १४ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी परिसर जावलाखेलबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ६१ हजार ९ सय ८० रुपैयाँ र १ बुक तास सहित फेला पारी पक्राउ गरको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## भरुवा बन्दुक बरामद

*पर्वत, २ चैत*

कुश्मा नगरपालिका-१४ औँसेलीचौरबाट दुईनाले भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। सोही ठाउँ बस्ने ४५ वर्षीय दिपक क्षेत्रीले भरुवा बन्दुक साथमा लिएर सोही ठाउँ बस्ने ६९ वर्षीय हुमनाथ पौडेल र केशव राज पौडेलको घरमा गई धाकधम्की देखाएकोमा हुमनाथ पौडेलले छर छिमेकलाई गुहार मागे पश्चात दिपकले भरुवा बन्दुक छाडी भागेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्वत र प्रहरी चौकी ठुलीपोखरीबाट खटिएको प्रहरीले उक्त बन्दुक बरामद गरेको हो। हाल फरार रहेको दिपक क्षेत्रीको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## अवैध रुपमा लुकाई लैजाने लागेको अमेरिकी डलर र बंगलादेशी टाकासहित पक्राउ

*काठमाडौं, २ चैत*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रुपमा लुकाई लैजान लागेको अमेरिकी डलर ९ हजार १ सय र बंगलादेशी टाका २९ हजार ५ सयसहित चिनिया नागरिक ५२ वर्षीय CAI, HUNAN लाई प्रहरीले पक्राउ गरेको छ।बंगलादेश एयरलाईन्सको उडानद्वारा काठमाडौंबाट बंगलादेश जान लागेका उनलाई अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज एरियामा एक्स रे मेसिनमा जाँच गर्ने क्रममा उनको ब्यागबाट उक्त डलर र टाका फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवं कानूनी कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## भरूवा बन्दुक सहित एक जना पक्राउ

*नुवाकोट, ७ चैत*

किस्पाङ गाउँपालिका-२ गोकर्ण बस्ने ३८ वर्षीय सन्त बहादुर तामाङलाई भरूवा बन्दुक १ थानसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी चौकी फिकुरेबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुकसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बनधमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको नगदसहित पक्राउ

*धनुषा, १७ चैत*

जनकनन्दनी गाउँपालिका-५ बनरझुला चौकी अगाडिबाट स्रोत नखुलेको नगद १४ लाख रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धनुषाधाम नगरपालिका-२ धनुषाधाम बस्ने ५५ वर्षीय जोगिन्द्र यादव र १९ वर्षीय कृष्ण साह रहेका छन्। ईलाका प्रहरी कार्यालय खजुरी र प्रहरी चौकी बल्हागोठबाट खटिएको संयुक्त टोलीले जयनगरबाट जनकपुरतर्फ जाँदै गरेको प्रदेश २-०२-००३ प ७०४५ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा २० जना पक्राउ

*काठमाडौं, २२ चैत*

काठमाडौं, टोखा नगरपालिका-३ बानियाँटार धमालटार बस्ने ३९ वर्षीय युवराज कडेलको घरमा जुवातास खेलिरहेको अवस्थामा कडेलसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख १३ हजार ७ सय रूपैयाँ र ६ बुक तासहित फेला पारी पक्राउ गरेको हो। यसैगरी काठमाडौं महानगरपालिका-१६ बोहोराटारस्थित पुरानो सामुदायिक भवनमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३८ वर्षीय राजन बोहरा समेत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २५ हजार ५ सय रूपैयाँ र २ बुक तासहित फेला पारी पक्राउ गरेको हो। सर्लाही, लालबन्दी नगरपालिका-१७ रानिगंज डाँडा टोल नजिक रहेको आँपको बगैचामा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-१७ बस्ने ६० वर्षीय बेचु बम्जन समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४४ हजार ३ सय ४० रूपैयाँ र १२ बुक तासहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## सालकको खपेटासहित दुई जना पक्राउ

*भक्तपुर, २२ चैत*

चाँगुनारायण नगरपालिका-२ बर्खेबाट अन्दाजी ९ सय ९८ ग्राम तौल भएको सालकको खपेटासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चाँगुनारायण नगरपालिका-२ बस्ने मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ घर भएका २२ वर्षीय आसुतोष थपलिया र सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गाउँपालिका-२ घर भएका २६ वर्षीय अमृत गजमेर रहेका छन्। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले बाग्मती प्रदेश ०२-०२० प ८४९७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त तौलको खपेटासहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## सामाजिक सञ्जालको दुरूपयोग गरी चरित्र हत्या गर्ने पक्राउ

*काठमाडौं, २७ चैत*

सामाजिक सञ्जालको दुरूपयोग गरी चरित्रहत्या गरेको अभियोगमा झापा, झापा गाउँपालिका-६ स्थायी ठेगाना भएका २० वर्षीय कादिर मोमिनलाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जाल फेसवुक र टिकटकमा पीडित महिलाको चरित्र हत्या हुने खालका अश्लील शब्दहरू लेख्नुको साथै अन्यको शरीर जोडिएको तस्बिर र भिडियोहरू पोष्ट गरी दुःख हैरानी दिई चरित्र हत्या हुने कार्य गरेको भन्ने उजुरीको आधारमा साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय झापाको सहयोगमा उनलाई झापा गाउँपालिका-६ बाट पक्राउ गरेको हो। उनी उपर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा ४ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहको छ।

## पेस्तोल र भरूवा बन्दुकसहित पक्राउ

*काठमाडौं, २७ चैत*

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-३ बसामाडी सरस्वरी पेट्रोल पम्प नजिकबाट म्याग्जिन सहितको अटोमेटिक पेस्तोल १ थानसहित सोही उपमहानगरपालिका-१२ पदमपोखरी भोर्ले बस्ने ४४ वर्षीय सुमन भन्ने सुरेश घलानलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनलाई पैदल हिँडिरहेको अवस्थामा उक्त पेस्तोलसहित फेला पारी पक्राउ गरेको हो।

सुर्खेत, भेरीगंगा नगरपालिका-६ घारीवन बस्ने ७३ वर्षीय शसी डाँगीलाई भरूवा बन्दुक १ थानसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट जहरेबाट खटिएको प्रहरीले डाँगीको गोठमा लुकाई छिपाई राखेको उक्त बन्दुक फेला पारी उनलाई पक्राउ गरेको हो।

दाङ, गढवा गाउँपालिका-८ डाडाँगाउँ बस्ने ३२ वर्षीय मान सिंह सुनारलाई भरूवा बन्दुक १ थानसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोईलाबास, ईलाका प्रहरी कार्यालय गढवा र बिओपी सशस्त्र प्रहरी बलबाट खटिएको संयुक्त टोलीले सुनारलाई उक्त बन्दुकसहित फेला पारी पक्राउ गरेको हो।

रूकुम (पूर्व), भूमे गाउँपालिका-५ भेडाखर्क जंगलमा वेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक १० थान र बन्दुकको नाल १ थान प्रहरीले बरामद गरेको छ। उक्त जंगलमा भरूवा बन्दुक लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रूकुम (पूर्व)बाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – मुद्रा सम्बन्धी कसूर

मिति २०७९।१२।०१ गते का.जि.का.म.न.पा.५ कालोपुल स्थितबाट प्रतिवादीहरुले १०००/- को दरले नेपाली नोट खोटा मुद्रा बनाई सद्दे सरह चलन चल्तीमा ल्याई कारोबार गर्ने कार्यमा संलग्न रहेको तथा १०००/- दरको ६३६ थान समेत फेला परेको घटनामा सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित अदालतमा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१२।२८ गतेको आदेशले प्रतिवादीहरु पूर्पक्षको लागि थुनामा गएको ।

## मुद्दा शीर्षक – बालबालिका सम्बन्धी कसूर

मिति २०७९।११।३० गते राती अं.२१:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.४ धोविघाट स्थितमा प्रतिवादी बर्ष ३० की कृष्ण कुमारी राईले बर्ष ९ की बालिकालाई शरीरमा निलडाम हुने गरी कुटपिट गरी अमानवीय व्यवहार गरेको सुनिल कुमार रानाले जाहेरी दरखास्त पेश गरेकोमा अनुसन्धानको क्रममा निज प्रतिवादी कृष्ण कुमारी राईलाई पक्राउ गरी अनुसन्धानपश्चात पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१२।२० गतेको आदेशानुसार १९ दिन कैद र रु.५०००।- जरिवाना हुने ठहरी फैसला भई छुटेको।

## मुद्दा शीर्षक – हाडनातामा ज.ज.क.

मिति २०७९।१२।०५ गते विहानको राती ०३:०० बजेको समयमा जिल्ला सोलुखुम्बु मप्यदुधकोशी गा.पा.२ बासा खाल्देन स्थितमा जाहेरवालाको छोरी बर्ष १० की (परिवर्तित नाम सल्लेरी घ १) लाई आफ्नै मामा प्रतिवादी जिल्ला सोलुखुम्बु मप्यदुधकोशी गा.पा.२ बस्ने बर्ष १९ को मनोज राईले जबरजस्ती करणी गरेको घटनामा अनुसन्धान गरी सम्मानित अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१२।२३ गतेको देशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – ज.ज.क.

जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. १६ बस्ने बर्ष १६ की हाल नाम परिवर्तित ३५ भरतपुर (५६) ०७९/०८० मिति २०७९/१२/०३ गते अं.०९:०० बजेको समयमा अन्यायी जिल्ला लम्जुङ राईनास न.पा.वडा नं.०३ घर भई हाल जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. १६ बस्ने बर्ष २७ को सन्तोष परियारको घरमा गएको अवस्थामा निजले आफ्नै घरको ट्वाईलेटमा लगी नाबालिकालाई जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको हाल नाम परिवर्तन गरिएको शान्तिचोक (क) (प्रकास बहादुर दमै) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात मिति २०७९/१२/२७ गतेको सम्मानित चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – लागु औषध (चरेश)

मिति २०७९।११।०७ गते साँझ १६:३० बजेको समयमा जिल्ला कञ्चनपुर बेदकोट न.पा.५ पोलखरी स्थित लागुऔषध चरेशको कारोबार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको प्रहरी टोली उक्त स्थानमा पुगी जिल्ला बैतडी पुर्चौडी न.पा. घर बई हाल ऐ.ऐ. बस्ने बर्ष ६३ को दल बहादुर बोहराले सञ्चालन गरेको खुद्रा किराना पसल भित्र रितपूर्वक खानतलासी गर्दा निजको पसल तथा कोठाबाट समेत गरी शुद्ध तौल गर्दा ३९८ ग्राम चरेश फेला परेको घटनामा प्रहरी प्रतिवेदन साथ दाखिला हुँदा सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७९।१२।१४ गतेको आदेशले प्रतिवादीलाई रु.९५,०००/- जरिबाना भई फैसला भएको ।

## मुद्दा शीर्षक – ज.ज.क.उद्योग

मिति २०७९।१२।०२ गते दिनको अं. १६:४५ बजेको समयमा पीडित तथा जाहेरवालाले अध्ययन गर्ने किस्पाङ गा.पा. वडा नं.०२ स्थित ज्ञानज्योती मा.बि. बाट बिद्यालय छुट्टी भई आफ्नो किस्पाङ गा.पा.वडा नं.०२ डण्डापानी स्थित घर तर्फ फर्कदै गर्दा सोही बाटोमा आउँदै गरेका प्रतिवादी जिल्ला रसुवा उत्तरगया गा.पा. वडा नं.०३ घर भई हाल जिल्ला नुवाकोट बिदुर न.पा. वडा नं.०७ बस्ने फत्र बहादुर तामाङले गोरेटो एकान्त बाटोमा एक्लै भएको मौका पारी जवरजस्ती करणी गर्न खोज्दा प्रतिकार गरी चिच्याई गुहार माग्दा बिपक्षी भाग्न सफल भएको भन्ने व्यहोराको पीडित परिवर्तित किस्पाङ-स को किटानी जाहेरी दरखास्त प्राप्त निज प्रतिवादी फत्र ब. तामाङ पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित नुवाकोट जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१२।२२ गतेको आदेशले रु.१,५०,०००।– धरौटी माग भएकोमा उक्त घरौटी तिर्न नसकी कारागार कार्यालय, ढुंगे चलान भएको।

## मुद्दा शीर्षक – बालयौन दुरुपयोग

मिति २०७९।१२।०२ गते हामी जाहेरवाला परिवर्तित नाम २०७९।०८० जि.७५(५८) क कुमारीको छोरी परिवर्तित नाम २०७९।०८० जि.७५(५८) ज कुमारी समेतका ५ जना नाबालिकाहरु घरबाट जिल्ला कञ्चनपुर बेदकोट न.पा. वडा नं.९ सुन्दरपुर स्थित रहेको श्री उदयदेव माध्यमिक बिद्यालय, सुन्दरपुरमा अध्ययन गर्न भनी गएका र दिउँसो अध्यापनका क्रममा कम्प्युटर शिक्षक राजेन्द्र पन्तले उल्लेखित ५ जना बालिकाहरुलाई कम्प्युटर प्रयोगशाला कक्ष भित्र कम्प्युटर बिषयको प्रयोगात्मक अभ्यास गरी रहेको अवस्थामा अश्लील शब्दहरु बोल्दै अनैतिक क्रियाकलापहरु गरेकोले कानून बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम २०७९।०८० जि.७५(५८) क कुमारी समेतको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१२।२३ गतेको आदेशले निज प्रतिवादीलाई रु.३०,०००/- धरौटी लिई तारेखमा छोडेको।

## मुद्दा शीर्षक – ला.औ.फेनारगन समेत

मिति २०७९।१०।०८ गते साँझ १६:३० बजेको समयमा जिल्ला कञ्चनपुर भिमदत्त न.पा.१७ मझगाउँ स्थित लागुऔषध (फेनारगन) समेतको कारोबार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा अ.प्र.पोष्ट मझगाउँबाट प्रहरी टोली खटिई ऐ.ऐ.१८ बस्ने बर्ष २२ को शासु सिनाल, ऐ.बस्ने बर्ष २२ को जीवन कार्की र ऐ.बस्ने बर्ष २० को अभिषेक गुरुङलाई फेला पारी रितपूर्वक खानतलासी लिँदा प्रतिवादी शासु सिनालको साथबाट ला.औ.फेनार्गन ९४ एम्पुल, रेक्सोजेसिक ९३ एम्पुल र डाईजापाम १९ एम्पुल समेत फेला पारी बरामद गरी निजहरु समेतलाई प्रहरी प्रतिवेदन साथ दाखिला गरी अनुसन्धान भएकोमा सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७९।१२।०६ गतेको आदेशले प्रतिवादी शासु सिनाल रु.३२,०००/- धरौटी तिर्न नसकी कारागार गएको, प्रतिवादी जीवन कार्की र अभिषेक गुरुङलाई साधारण तारेखमा छोडेको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८